म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक ३९ | आइतबार, २२ भदौ २०८२ | ने. सं. ११४५ जलाथ्व | 7 September 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चट्याङ लागेर प्रजाको मृत्यु

हेटौंडा, २१ भदौ/मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ कमेरोपानीमा चट्याङ लागेर एकजनाको मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-१६ सानोआकाशधारा घर भई हाल बारा जिल्लाको निजगढ नगरपालिका-१३ बस्ने ३७ वर्षीय बुद्धबहादुर प्रजाको शुक्रबार राति करिब १०:३० बजे चट्याङ लागेर मृत्यु भएको हो ।

हेटौंडा-१५ कमेरोपानीस्थित धनबहादुर स्याङतानले सञ्चालन गरेको किराना पसल अगाडि किनमेलका लागि आउने क्रममा अचानक परेको चट्याङ लागि प्रजाको घटनास्थलमा नै मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरीउपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । घटनास्थल सुरक्षित राखी मुचुल्कालगायत थप अनुसन्धान कार्य अगाडि बढाइएको उनले बताए ।

### जनप्रिय क्याम्पसको पहिलो क्याम्पससभा सम्पन्न

## आगामी दशकमा नेपालकै उत्कृष्ट क्याम्पस बनाइने

भानुभक्त आचार्य

हेटौंडा, २१ भदौ/हेटौंडा उपमहानगरपालिकाद्वारा सञ्चालित हेटौंडा-१६ चिसापानीस्थित हेटौंडा जनप्रिय क्याम्पसको पहिलो क्याम्पस सभा शनिबार सम्पन्न भएको छ ।

संघीय संसदको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंह एवम् क्याम्पस सञ्चालक समितिकी अध्यक्ष तथा हेटौंडा उपमहानगरप्रमुख मिनाकुमारी लामाको सभाध्यक्षतामा क्याम्पससभा भएको हो । हेटौंडा उपमहानगर पालिका र हेटौंडा क्याम्पसबीचको सहकार्यमा सामुदायिक क्याम्पसको रुपमा वि.सं २०८० सालमा स्थापना भएको हेटौंडा जनप्रिय क्याम्पसले २०८२ सालमा पूर्वाञ्चल विश्व विद्यालय विराटनगरबाट सम्बन्धन प्राप्त गरेको हो । नगरप्रमुख लामाले क्याम्पसको आगामी वर्षको नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेकी थिइन् ।

यस क्याम्पसलाई आगामी १० वर्षभित्र नेपालकै उत्कृष्ट क्याम्पसका रुपमा विकास गर्ने लक्ष्यकासाथ कार्य अघि बढाउने उनले बताइन् । क्याम्पसले आधुनिक र उद्यमशीलतामा आधारित स्नातकोत्तर तह (एमएस्सी कृषि) कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ । समाज र बजारमुखी कृषिशिक्षालाई मजबुत पार्दै आत्मनिर्भरता र दिगोपन प्रवर्द्धन गर्नु क्याम्पसको मुख्य लक्ष्य रहेको छ । अत्याधुनिक प्रयोगशाला, नमूना फार्म स्थापना, वार्षिकरुपमा कम्तिमा ६ अनुसन्धान परियोजना सञ्चालन गरी स्थायी र




राष्ट्रिय समस्या समाधानमुखी अनुसन्धानलाई प्रवर्द्धन गर्ने मुख्य उद्देश्य रहेको छ ।

१० भन्दा बढी अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग सहकार्य गर्ने र ३० प्रतिशत भन्दा बढी स्नातक विद्यार्थीलाई कृषि उद्यमी बनाउने लगायत योजना रहेको नगरप्रमुख लामाले बताइन् । बिएस्सी एजी (कृषि) कार्यक्रम सञ्चालन गर्ने लक्ष्यका साथ आवश्यक ऐन कार्यविधि निर्माण गरी क्याम्पसको स्थापना गरिएको उनले जानकारी दिइन् । हाल जनप्रिय क्याम्पसमा बिएस्सी एजी कार्यक्रमका लागि ४८ सिटमध्ये ४७ जना विद्यार्थीले फाराम भरिसकेको उनले बताइन् । यस क्याम्पसको स्थापना कृषिलाई विशेष प्राथमिकता दिएर गरिएको उनको भनाई छ ।

कार्यक्रमका प्रमुखअतिथि सभापति सिंहले मकवानपुर जिल्लालाई शैक्षिक हबको रुपमा विकास गर्दै लैजानु पर्नेमा जोड दिए । उनले आफू जनप्रतिनिधिकारुपमा निर्वाचित भएपछि शिक्षाक्षेत्रलाई उच्चप्राथमिकता दिएको दाबी गरे । उनले विद्यालयले केवल श्रमशक्ति मात्र नभई विभिन्न क्षेत्रका लागि गुणस्तरीय जनशक्ति र विज्ञ उत्पादन गर्ने खालको शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिए । मकवानपुर क्षेत्र नं. १ का सांसद् एवम् सभापति सिंहले आफू शाहीकालमा जिल्ला विकास समिति सभापति हुँदा यस क्याम्पसको लागि ३ लाख रुपैयाँ सहयोग गरेको र अहिले यसक्षेत्रको सांसदको हैसियतमा सभाहल निर्माणका लागि तीन करोड बजेट उपलब्ध गराएको बताए ।

उनले क्याम्पसको समग्र विकासका लागि आवश्यक रकम राज्यको तर्फबाट उपलब्ध गराउन आफू प्रतिबद्ध रहेको बताए । हेटौंडा उपमहानगरको अथक प्रयासबाट स्थापना भएको क्याम्पसले आफ्नो लक्ष्य पूरा गर्न सबैको साथ र सहयोग अपरिहार्य रहेको बताए । सभापति सिंहले चुनावको बेलामात्र राजनीति गर्न सबै राजनीतिक दललाई आग्रह गरे । अघिल्लो चुनावमा फूलेको जुंगा हेरेर कांग्रेस र एमालेले भोट दिएको बताउँदै शिक्षालाई राजनीतिकरण गर्न नहुने उनको धारणा थियो । सभापति सिंहले शिक्षाको विकासमा सबैले उत्तिकै दायित्व लिनुपर्ने धारणा राख्दै, यस क्याम्पसलाई उत्कृष्टताको केन्द्र बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको बताए ।

क्याम्पसका निमित्तप्रमुख देवचन्द्र मानन्धरले उपमहानगर पालिकाको पहलमा सञ्चालन हुने बिएस्सी एजि कार्यक्रम शैक्षिक उपलब्धी मात्रै नभई सामाजिक र आसर्थक रुपान्तरणको प्रमुख आधार बन्ने विश्वास व्यक्त गरे । यस कार्यक्रमले स्थानीय विद्यार्थीलाई आफ्नै क्षेत्रमा अध्ययन गर्ने अवसर दिनुका साथै कृषिक्षेत्रमा नयाँ प्रविधि, अनुसन्धान र व्यवसायीकरणको विकास हुने उनले बताए । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका उपप्रमुख राजेश बानियाँ, जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, नेकपा माओवादी केन्द्रका संयोजक भीम पाखिनलगायतले मन्तव्य राखेका थिए । चालु आर्थिक वर्ष २०८२/८३ मा क्याम्पसको कुल बजेट ९८ लाख ८ हजार ८ सय १८ रहेको छ ।

## कांग्रेसका महामन्त्री गगन थापा भदौ २४ मा हेटौंडा आउने

साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा भाद्र २४ गते हेटौंडामा आउने भएका छन् । १ सय १२ औं वीपी जयन्तीको अवसरमा नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर १ 'ख' ले आयोजना गर्ने भेलालाई सम्बोधन गर्न थापा हेटौंडा आउन लागेको शनिबार पत्रकार सम्मेलनमार्फत् जानकारी दिइएको हो ।

पत्रकार सम्मेलनमा मकवानपुरको प्रदेशसभा क्षेत्र नम्बर १ 'ख' सभापति राजेश बानियाँले महामन्त्री थापासँगै कांग्रेस केन्द्रीय कोषाध्यक्ष उमेश श्रेष्ठ सहभागी हुने जानकारी दिए । कार्यक्रममा जिल्लाभरका करिब दुई हजार कांग्रेस कार्यकर्ता र सुभेच्छुकको सहभागिता रहने अनुमान गरिएको उनले बताए । त्यसैगरी कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले कार्यक्रम नीतिगत नभई सन्देशमूलक हुने जानकारी दिए । कार्यक्रममा महामन्त्री थापाले समसामयकि परिस्थितिको साथै प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण र आसन्न भारत भ्रमणको विषयमा धारणा राख्ने र कोषाध्यक्ष श्रेष्ठले कृषि क्षेत्रका चुनौती र सम्भावनाबारे धारणा राख्ने सभापति लामाले बताए ।



'कांग्रेस महामन्त्री थापाले विशेष भेलामा पार्टीको समसमायिक विषय, प्रधानमन्त्री ओलीको चीन भ्रमण सन्दर्भ र कार्यसम्पादन समितिको विषयमा जानकारी दिनुहुन्छ । कांग्रेस मकवानपुर जिल्ला सदस्य, कार्यकता र जनप्रतिनिधिलाई पार्टीका विधि, विधान र काम कारबाहीबारे विशेष सन्देश दिने कार्यतालिका तय भएको छ' उनले भने । भेलामा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ सहित मन्त्रीहरुको पनि उपस्थिति र हने बताइएको छ । कांग्रेस मकवानपुर जिल्ला सदस्य, कार्यकता र जनप्रतिनिधिलाई पार्टीका विधि, विधान र काम कार बाहीबारे विशेष सन्देश दिने कार्यतालिका तय भएको उनको भनाई छ ।

पत्रकार सम्मेलनमा कांग्रेस जिल्ला सहसचिव इन्दिरा न्यौपाने, कांग्रेस मकवानपुर क्षेत्रीय सभापति सुशान्त श्रेष्ठ, कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुन चौलागाईं, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारी, प्रेस युनियन मकवानपुरका संस्थापक अध्यक्ष राममणि दाहाललगायतको सहभागिता रहेको थियो ।

## पल्सर स्पोर्ट्स अवार्ड २०८१ को चार विधाका मनोनयन सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/नेपाली खेलकुदको प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड अन्तर्गत वर्ष २०८१ को पुरुष, महिला, युवा खेलाडी र प्रशिक्षक गरी चार विधाका मनोनयन सार्वजनिक भएका छन् ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को खेलाडी छनोट समितिले शनिवार एक कार्यक्रम आयोजना गर्दै २२ औं संस्करण अवार्डको चार विधाका मनोनयन सार्वजनिक गरेको हो । वर्ष पुरुष खेलाडी, महिला, युवा र प्रशिक्षकमा समान पाँच उत्कृष्ट मनोनयन समावेश गरिएको छनोट समितिले जनाएको छ । वर्ष पुरुषमा क्रिकेटका दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, उसुका विजय सिन्जाली, टेबलटेनिसका स्यान्टु श्रेष्ठ र खो खोका जनक चन्द मनोनयनमा परे । महिलातर्फको मनोनयनमा करातेकी एरिका गुरुङ, फुटबलकी रेखा पौडेल, करातेकी एलिसा रास्कोटी मगर, खो खोकी मानमति धामी र भलिबलकी सलिना श्रेष्ठ परेका छन् ।

मञ्चका सचिव अनिल मल्लठकुरीको संयोजकत्वमा रहेको पाँच सदस्यीय छनोट समितिले खेलाडी र प्रशिक्षकको छनोट गरेको हो । समितिमा निरञ्जन राजवंशी, हिमेशरत्न बज्राचार्य र विराट रायमाझी छन् । वर्ष २०८१ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा




भएका उत्कृष्ट प्रदर्शनका आधारमा मनोनयनमा समावेश गरिएको छ । वर्ष युवा खेलाडीको मनोनयनमा एथ्लेटिक्सका अजय विक, करातेकी अञ्जली महर्जन, क्रिकेटकी पूजा महतो, बक्सिङकी स्वस्तिका र फुटबलका समीर तामाङ परेका छन् ।

वर्ष प्रशिक्षकमा पारा तेक्वान्दोका कविराज नेगीलामा, करातेका कुशल श्रेष्ठ, बक्सिङका दीपक महर्जन, क्रिकेटका महेश रि जाल र खो खोका लक्ष्मीनारायण वैद्य मनोनयन परेका छन् । यसपल्ट अवार्ड राजधानी बाहिर पोखरामा आगामी भदौ २९ गते पोखरा इभेन्टस सेन्टरमा हुनेछ । सोही दिन चारै विधाको विजेता घोषणा गरिनेछ । पत्रकार सम्मेलनमा खेलाडी छनोट समितिका संयोजक ठकुरीले वर्ष २०८१ मा नेपाली खेलाडीले ऐतिहासिक सफलतासँगै धेरै राम्रो नतिजा पाएकाले मनोनयनमा गर्न कठिन भएको बताए । उनले एकवर्षभर नेपाली खेलकुदले पाएका सफलतालाई दस्तावेजका रुपमा राखिएको र त्यसले छनोट गर्न सहज भएको बताए ।

मनोनयन सार्वजनिक कार्यक्रममा छनोट समितिका सदस्य प्रजीत शाक्यले नेपाली खेलकुदले लामो समयदेखि प्रतीक्षा गर्ने कार्यक्रमकारुपमा अवार्ड रहेको बताए । मञ्चका पूर्वअध्यक्ष एवम् एआइपिएस एसियाका कोषाध्यक्ष निरञ्जन राजवंशीले एआइपिएसका अध्यक्ष जियानी मिर्लो अवार्ड हेर्न आउने जानकारी दिए । यस संस्करणको पिपल्स च्वाइस विधाको मनोनयन यसअघि नै सार्वजनिक भइसकेको छ । पिपल्स च्वाइस विधाको मनोनयनमा विजय सिन्जाली (उसु), पूजा महतो (क्रिकेट), हिमाल सुनारी (भलिबल), रेखा पौडेल (फुटबल) र इभाना थापा (टेबल टेनिस) छन् । उनीहरुको भोटिङका लागि प्रचार प्रसार तीव्र भइरहेको छ ।

डिजिटल वालेट खल्ती बाइ आइएमईबाट भोटिङ, नेपाल खेलकुद पत्रकार मञ्चको र मुख्य प्रायोजक गोल्छा ग्रुपको आधिकारिक फेसबुक पेजबाट भोटिङ जारी छ । नेपाल ओलम्पिक कमिटीमा आबद्ध खेल संघका प्रमुख प्रशिक्षक र मञ्चका सदस्यले दिएको मत पनि यस विधाको विजेता छनोटको आधार हुनेछ । स्पोर्ट्स अवार्डका अन्य विधा पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डको घोषणा कार्यक्रमकै दिनमा नै घोषणा गरिनेछ । वर्ष पुरुष, महिला, युवा र प्रशिक्षक विधाको विजेताले पल्सर मोटरबाइक पाउनेछन् । पिपल्स च्वाइस विधाको विजेतालाई पल्सर मोटरबाइक प्रदान गरिनेछ । अन्य विधाका विजेताले जनही एक लाख रुपैयाँ र गिफ्ट ह्यामपर पाउने मञ्चले जनाएको छ ।

यसवर्ष पनि एनएसजेएफ पलसर स्पोर्ट्स अवार्डको मुख्य प्रायोजकको रुपमा गोल्छा ग्रुपको बजाज पल्सर मोटरसाइकल छ । नेपाल खेलकुद पत्रकार मञ्च र गोल्छा ग्रुपबीच अवार्डकै लागि सहकार्य भएको यो १७ औं वर्ष हो । अवार्डको प्रवर्द्धकमा पोखरा महानगर पालिका छ । अन्य सहयोगीहरुमा खल्ती, नासा सेक्युरिटिज, केल्मी नेपाल, यति एयरलाइन्स, मझेरी रिसोर्ट एण्ड स्पा, म्याजेस्टिक, प्लाजा ग्रुप अफ होटल्स, इमेजिङ, राष्ट्रिय खेलकुद परिषद् (राखेप), वागमती खेलकुद विकास परिषद्, सूर्य नेपाल, होटल रोयल सिंगी, नेपाल टुरिजम बोर्ड, स्विफ्ट होलिडेज, रारा चाउचाउ र नेपाल ओलम्पिक कमिटी (एनओसी) छन् ।



साझाकुरा

## हाम्रो कुरा

# 'सताव्दी पारगरेका नागरिक

१०० वर्ष पुगिसकेका ज्येष्ठ नागरिकलाई आफैंमा जिउँदो इतिहास हो । उमेरले पाका भएका ब्यक्तिसँग भएका अनुभवलाई युवामा लगाउने हो भने विकास धेरै टाढा छैन तर, हाम्रो समाजमा पाका नागरिकको अनुभवलाई हामीले सही रुपमा प्रयोग गर्न सकेका छैनौं । राज्यले सेवानिबृत्त शिक्षक, निजामति, जंगी, प्रहरीलाई समाजको बिभिन्न क्षेत्रमा सही उपयोग गर्ने नीति बनाउन सकेको छैन । सेवानिबृत्त भएपछि पेन्सन खाने र घरमा चुपचाप बस्ने भन्दा उपलब्धी केही पनि देखिएन । ग्रामीण क्षेत्रमा शिक्षक दर्बन्दी अभावका कारण कैयौं विद्यालयले समस्या झेलिरहेका छन् तर, त्यही स्थानमा सेवानिबृत्त राष्ट्रसेवक चुपचाप बसिरहेको छ । यो अवस्थालाई थोरै ब्यवस्थापन गर्ने हो भने हाम्रो समाज धेरै अगाडि जाने थियो । पछिल्लो समयमा नीति तथा अनुसन्धान प्रतिष्ठानका लागि पूर्वअर्थसचिव कृष्णहरि बास्कोटाको टोलीले गरेको अध्ययन प्रतिवेदनमा १०० वर्ष र सो भन्दामाथि उमेर समूहका ज्येष्ठ नागरिकलाई मासिक भत्ता ५० हजार उपलब्ध गराउनुपर्ने सुझाव दिइएको छ । राज्यसँग स्रोत छ भने त यो प्रतिबेदन निकै राम्रो हो तर, राज्यले वर्षभरि उठाएको करबाट साधारण खर्च धान्नै मुस्किल परिरहेको अवस्था छ ।

यो विषयमा पनि गंभीर भएर सोच्ने बेला भएको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार यो समूहमा ३ हजार ५ सय ६६ जना ज्येष्ठनागरिक छन् । ज्येष्ठनागरिकको उमेर समूहको वर्गीकरणअन्तर्गत ७० वर्षदेखि ७९ वर्ष समूहका करिव १० लाख ज्येष्ठनागरिकलाई मासिक भत्ता ५ हजार उपलब्ध गराउनुपर्ने, ८० वर्षदेखि ८९ वर्ष समूहका ज्येष्ठनागरिकलाई मासिक भत्ता १० हजार उपलब्ध गराउनुपर्ने प्रतिवेदनमा उल्लेख छ । २०७८ को जनगणनाअनुसार ८० वर्षदेखि ८९ वर्ष समूहका ज्येष्ठनागरिक समूहमा एक लाख ८१ हजार तीन सय १४ जना ज्येष्ठनागरिक छन् । पूर्वअर्थसचिव बास्कोटाले प्रतिवेदनमा ९० वर्षदेखि ९९ वर्ष समूहका ज्येष्ठनागरिकलाई मासिक भत्ता २५ हजार उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्यांकअनुसार यो समूहमा २६ हजार ७ सय २९ जना ज्येष्ठनागरिकको संख्या देखिएको छ । प्रतिवेदनमा भनिएको छ, 'यसका अतिरिक्त, विद्यालय र कलेजको पाठ्यसामग्रीमा ज्येष्ठनागरिकलाई सम्मान गर्नेलगायत विषय समावेश गर्नुपर्छ । छोराछारीको मासिक कमाइको आवश्यकताअनुसार आमाबुबाले २५ प्रतिशतसम्म पाउने कानून निर्माण गर्नुपर्छ । ज्येष्ठनागरिकको सम्पतीमा उहाँहरुकै राजीखुशीमा खर्चगर्न दिनुपर्छ । ज्येष्ठनागरिकसम्बन्धी तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तय गर्नुपर्छ । मुलतः ज्येष्ठनागरिकसम्बन्धी स्रोतकेन्द्रको स्थापना र 'प्रोफाइल' तयार गरी उनीहरुमा निहित ज्ञान, सीप र अनुभवलाई राष्ट्र निर्माणमा उपयोग गर्नुपर्छ । बास्कोटाको सोचपत्रअनुसार केन्द्रीय र प्रदेशस्तरीय अस्पतालमा ज्येष्ठनागरिकको उपचारका लागि विशेषज्ञ चिकित्सकसहितको उपकरण, वार्ड र शैयाको व्यवस्था गर्नुपर्छ ।

सय शैयाभन्दा माथिका सबै अस्पातलमा कम्तिमा पाँच वटा शैयासहितको 'ज्येष्ठनागरिक (जेरियार्टिक) वार्ड' स्थापना गर्नुपर्छ । ज्येष्ठनागरिकको हालको १ लाखको बीमालाई १० लाख पुऱ्याउनुपर्छ । नेपाल सरकारबाट आर्थिकरुपमा विपन्न, बेवारिसे तथा विविध कारणले घरबारविहीन भएकाहरुका लागि वृद्धाश्रमको व्यवस्था गर्नुपर्छ । आम ज्येष्ठनागरिकको भेटघाट, अनुभवको आदानप्रदान, मनोरञ्जन लगायतका क्रियाकलापका लागि ज्येष्ठनागरिक दिवा सेवाकेन्द्र स्थापना गर्नुपर्छ । कुनैपनि ज्येष्ठनागरिकले व्यवसाय वा स्वरोजगार गर्ने इच्छा देखाएमा ५ लाखसम्मको सरल ब्याजदरको ऋण दिनेगरी ज्येष्ठनागरिक 'च्यालेन्ज फण्ड' स्थापना गर्नुपर्छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको कुल वार्षिक बजेटको ५ प्रतिशत र कम ज्येष्ठनागरिकको हितका लागि विनियोजन गनुपर्दछ । पूर्वअर्थसचिव बास्कोटाले सरकारको थिंक ट्याक नीति तथा प्रतिष्ठानमार्फत् राज्यले ज्येष्ठनागरिकको सम्मानस्वरुप 'ज्येष्ठनागरिक राहत कार्यक्रम' घोषणा गर्नुपर्ने बताएका छन् । जसअन्तर्गत, अहिले मासिक ३ हजार पाइरहेका सबै ज्येष्ठनागरिकलाई एक महिनाको भत्ता बराबरको रकम नेपालीको महान पर्व दशैंअघि पाउने गरी बोनस दिने व्यवस्था गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ २३ गते सोमबार ८ सेप्टेम्बर २०२५ । प्रतिपदा, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:४४ सूर्यास्त ६:१९ । सोह्रश्राद्ध प्रारम्भ । विश्व शिक्षा तथा साक्षरता दिवस । पुञ्चली भुजा । श्राद्ध शुरु -प्रतिपदा श्राद्ध ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# पार्टीमा बहुपद बहुकेन्द्र बनाउन होइन



✍शंकर पोखरेल

एमालेको दोस्रो विधान अधिवेशनमा महासचिव शंकर पोखरेलले संगठनात्मक प्रतिवेदन पेस गरेका छन् । उनी लगायतको प्रतिवेदनमा शनिबारबाट समूहगत छलफल सुरु भएको छ । उनले पार्टी जीवनका धेरै विषयहरू प्रतिवेदनमा उल्लेख गरेका छन् । उनले पार्टीको लोकतान्त्रिकरणको अभ्यासमा भइरहेका जटिलताबारे उल्लेख गरेका छन् :

पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यासका क्रममा केही जटिल समस्या पनि देखिएका छन् । पार्टीको नवौं महाधिवेशनमा दुई अलगअलग प्यानल बनाएर मतपत्रमा अलग्गै नाम राख्ने जस्तो गलत अभ्यास पनि अवलम्बन गरियो । त्यसको परिणाम सुखद रहन सकेन ।

नवौं महाधिवेशनमा लामो समय पार्टीको नेतृत्व गर्नुभएका माधवकुमार नेपाल वर्तमान पार्टी अध्यक्ष केपी शर्मा अध्यक्ष पदको प्रत्यासी बन्नुभयो । पराजयपछि उहाँले पार्टीमा समानान्तर गतिविधि सञ्चालन गर्नुभयो । पार्टी एकताप पश्चात् नेकपा गठन भएसँगै महाधिवेशनबाट निर्वाचित आफ्नै पार्टीको नेतृत्वलाई विस्थापन गर्ने अभियानमा जुटनुभयो ।

नेकपा विघटन भएसँगै पुनस्थापित नेकपा एमालेलाई षड्यन्त्रपूर्ण तरिकाले विभाजन गर्ने कामको दशौं महाधिवेशनमा अध्यक्षका उम्मेदवार बन्नुभएका भीम रावल निरन्तर परिचालित हुनुभयो । अन्ततः पार्टी अनुशासन कायम गर्नका लागि बाध्यकारी स्थिति उत्पन्न भयो । पछिल्लो समय पार्टीमा सहमतिका लागि नेतृत्वले भूमिका निर्वाह गर्दा हस्तक्षेपको रूपमा बुझ्ने र प्रतिस्पर्धापछि परिणामलाई सहज रुपमा स्वीकार गर्न तयार नहुने अवस्था आन्तरिक लोकतन्त्रका लागि चुनौतीको विषय बन्न पुगेको छ । पार्टीले प्रतिस्पर्धा गर्दा व्यक्तिगत रूपमा गर्नका लागि दिएका निर्देशनहरू पालना भएको देखिँदैन । नेतृत्वमा पुग्नका लागि समूह बनाउने राजित भएको अवस्थामा त्यसलाई कायमै राख्न चाहने प्रवृत्ति देखिन थालेको छ । जित्ने पक्षले पनि प्रतिस्पर्धीलाई समेटेर अघि बढ्ने कुरामा समस्या देखिने गरेको छ ।

कतिपय जिल्लामा विभिन्न प्रतिष्ठान र फाउन्डेशनलाई प्रयोग गरेर गुटबन्दीपूर्ण गतिविधि गर्न खोजेको देखिन्छ । प्रतिस्पर्धा गर्दा सदस्यमा समेत उम्मेदवार हने केन्द्रको व्यवस्था प्रदेश र जिल्ला तहमा अभ्यास यस्ता कुराप्रति सम्बन्धित प्रतिष्ठान र फाउन्डेशनहरूको ध्यान पुग्नसकेको देखिँदैन । पदाधिकारीमा पराजित सक्षम नेतृत्वको एउटा हिस्सा अधिवेशनपछि कामबाट बाहिरिने स्थिति समेत उत्पन्न भएको छ । नेतृत्वमा हुने प्रतिस्पर्धाले नीति-निर्माणमा प्रतिकूल असर पुगेका महसुस गरी केन्द्रीय तहमा दुई महाधिवेशनको मान्यता अघि सारियो ।

प्रथम विधान महाधिवेशन नीति-निर्माणमा नै केन्द्रित रह्यो । दोस्रो विधान महाधिवेशनको पूर्वसन्ध्यामा आइपुग्दा पुनः नीति-निर्माणको विषय ओझेलमा पर्ने गरी नेतृत्वको बहसलाई चर्चामा ल्याउने कोसिस भयो । नवौं महाधिवेशनका समयमा अघि सारिएको दुई कार्यकाल र उमेरहदको विषयलाई जबज र पार्टी जीवनको लोकतान्त्रीकरणसँग जोडेर मुख्य नेतृत्वलाई कमजोर बनाउने गरी चर्चामा ल्याउने काम भयो । जनताको बहुदलीय जनवादले प्रतिस्पर्धालाई खुम्च्याउने गरी कार्यकाल र उमेरहदको कुरा गरेको छैन । जबजले त प्रतिस्पर्धालाई खुला नै राखेको छ ।

प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने नीति नै जबजको मूल पक्ष हो । त्यसलाई संकुचन गर्ने मान्यतालाई आवश्यक नठानेर नै हटाइएको हो । पार्टीको आन्तरिक जीवनमा देखिएका समस्याहरू पार्टी जीवनको लोकतान्त्रीकरणका कारणले सिर्जना भएका समस्याहरू हुन् भन्नु गलत हुनेछ किनकि लोकतान्त्रिक अभ्यासमा निकै संकुचित भएका राजनीतिक दलहरूमा हाम्रो पार्टीको भन्दा जटिल समस्या र अन्तरविरोधहरू देखिन्छन् ।

पटकपटक फूट र विभाजनबाट गुज्रिएका देखिन्छन् । तसर्थ, हामीले पार्टी जीवनमा उत्पन्न समस्यालाई लोकतान्त्रीकरणका कारणले नै समस्या उत्पन्न भएको भनेर लोकतान्त्रिक अभ्यासलाई संकुचन गर्ने होइन, बरु त्यसमा आवश्यक सुधार गरेर अघि बढ्नु पर्दछ । पार्टीमा बहुपदको सिर्जना गर्नुको अर्थ बहुकेन्द्र बनाउने भन्ने होइन र हुन दिनु हुँदैन ।

पार्टीको आन्तरिक जीवनलाई लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै स्वस्थ र जीवन्त बनाउन सक्नुपर्दछ । लोकतन्त्रको विकल्प निरंकुशतन्त्र नभएझैं पार्टी जीवनको लोकतान्त्रीकरणको पनि विकल्प खोज्न सकिँदैन । बरु त्यसको अभ्यासमा रहेका त्रुटिहरूलाई सच्याएर स्वस्थ, पारदर्शी र मर्यादित बनाउन जोड दिनु पर्दछ । लोकतान्त्रीकरणको अर्थ नेतृत्व निर्माणमा प्रतिस्पर्धाको विषयमात्र हो भने जसरी बुझ्ने गल्ती पनि गर्नहुँदैन । यो सामूहिक रूपमा नीति-निर्माण गर्ने र पार्टी सञ्चालन गर्ने सबैभन्दा वैज्ञानिक बाटो हो ।

लोकतान्त्रिक व्यवस्थामा हुने आवधिक निर्वाचनले पार्टी र पार्टीको नेतृत्वलाई लोकतान्त्रिक अभ्यासले नेतत्वलाई कार्यकर्ताका बीचमा घनिष्ठरूपमा जोडने काम गर्दछ । तसर्थ जनताका बीचमा घनिष्ठरूपमा जोड्न सहयोग पुऱ्याउने गर्दछ ।

त्यसरी नै पार्टीभित्रको आन्तरिक हामीले अवलम्बन गर्दैआएको पार्टी जीवनको लोकतान्त्रीकरणको नीतिलाई समयानुकूल बनाउँदै कमिकमजोरीहरू उत्पन्न हुन नदिने गरी लोकतान्त्रिक संस्कृति निर्माणमा जोड दिनुपर्दछ । हामीले अवलम्बन गर्दै आएको संगठन प्रणाली र जनताआधारित कार्यकर्ता पार्टी निर्माण गर्ने जबजको मान्यताअनुरूप पार्टी निर्माणमा पार्टी कार्यकर्ताको सम्प्रभुता कमजोर नहने गरी समयानुकूल परिमार्जन र सुधार गर्दै अघि बढ्नु पर्दछ ।

*(साभार: अनलाइनखबर)*

# फर्किएला त लिम्पियाधुरा-कालापानी क्षेत्र ?



✍श्यामप्रसाद मैनाली

नेपालका भूभागहरू पटक-पटक गरी छिमेकी राष्ट्रहरुले अतिक्रमण गर्दै आएका छन् । यस्तो प्रकारको अतिक्रमण दक्षिणतर्फका छिमेकीबाट अत्यधिक हुँदै आएको छ । नेपालको ७३ स्थानमा करिब ६५ हजार हेक्टर क्षेत्र भारतबाट अतिक्रमित भएको छ । १२६ वटा जंगी पिलरहरु हराएका छन् । लिम्पियाद्वारा कालापानी क्षेत्रमा मात्रै ३७ हजार हेक्टर जमिन अतिक्रमित भएको छ । हालै चीन र भारतका विदेशमन्त्रीहरूले नेपाली भूभाग लिपुलेक नाका हुँदै व्यापार व्यवसाय सञ्चालन गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । यो निर्णय लिइरहँदा नेपालसँग कुनै सम्पर्क गरेको अवस्था पनि देखिएन । यसले देशभित्र विशेष चर्चा पाएको छ । छिमेकी देशहरूमा पनि यो विषयको स्थान सञ्चार माध्यमहरूमा पाएका छन् ।

२२ किलोमिटर लम्बाइको बाटो १३ महिना लगाएर आफ्नो भूमिमा निर्माण गरेको जानकारी नेपाल सरकारलाई भएन । लामो समयदेखि नेपालमा सरकारमा रहनेहरूले आफ्नो भूभागको संरक्षणमा गम्भीर भएको पाउन सकिएन । परिणामस्वरूप धेरैतिर नेपालले आफ्ना भूभागहरु गुमाइराखेको छ । लिम्पियाधुरा, लिपुलेक क्षेत्र प्रायः नेपालको हातबाट जाँदै छ । यो अवस्था सृजना हुनुको पछाडि हाम्रा देशका शासनसत्ता चलाउनेहरू जिम्मेवार देखिएका छन् । किनकि विभिन्न कालखण्डहरुमा सरकारहरुमा रहनेहरुले गरेका काम कारबाहीहरूको बारेमा प्रश्न उठ्ने गरेको छ । त्यसको जवाफ नेपाली नागरिकहरूलाई दिन हाम्रा सरकारमा रहनेहरूलाई अत्यन्त कठिन छ ।

**नागरिकका जिज्ञासा** :

लिम्पियाधुरा, लिपुलेकको समस्या कुन समयबाट प्रारम्भ भएको हो ? २००९ सालबाटै भारतीय सेनालाई नेपालका १७ वटा उत्तरी नाका क्षेत्रमा बस्न दिइएको थियो । त्यस बखत पञ्चायती सरकार थियो । स्वर्गीय महेन्द्र राजा थिए । भारत सरकारले राजा महेन्द्रलाई गरेको लिखित अनुरोधको आधारमा उक्त स्थानमा भारतीय सेनालाई केही समय बस्न दिइएको हो । यसलाई यथार्थ मानिरहँदा यसका आधारभूत प्रमाणहरू परराष्ट्र मन्त्रालय र त्यसपछिका दरबारका सम्पूर्ण कागजातहरु प्रमाणहरु गणतन्त्रवादी सरकारहरूले संरक्षण गरेको अवस्था छ ।

त्यसैले राजा महेन्द्रले कुन बखतमा के प्रयोजनको लागि कति समयको लागि कुन पत्रको आधारमा कुन कूटनीतिक पत्राचारलाई आधार बनाएर मन्जुर गरेका हुन् ? राज्यसँग ती प्रमाणहरु भए सरकारले जनतासमक्ष राखिदिनुपर्दछ । यदि यी प्रमाणहरू राज्यसँग छन् भने नेपालको दाबी उक्त क्षेत्रमा स्थापित गर्न सहज हुन्छ । गणतन्त्रवादी नेताहरुले पूर्णरुपमा यसको जिम्मेवारी लिनुपर्ने अवस्था छैन । यस अर्थमा नागरिकहरूलाई प्रस्ट पार्ने दायित्व शासनसत्ता सञ्चालन गर्नेहरूकै हो ।

चीनको नेपालसँग यी क्षेत्रहरू छिनेर लिने कुनै अभिप्राय देखिँदैन । उसले भारतले आफ्नो क्षेत्र दाबी गरेको कारण र हामी नेपाली आफ्ना प्रमाणहरुसहित खरोरुपमा प्रस्तुत हुन नसकेको अवस्थामा भारतीय क्षेत्र नै मानी व्यापार नाकाको रुपमा लिपुलेकलाई स्वीकार गरेको हुन सक्छ । उसको चासो भनेको व्यापार व्यवसाय सञ्चालन गर्ने मात्र हो । नेपालको भूमि हुँदा पनि त्रिपक्षीय सम्झौताबाट यो विन्दु तीनै देशहरूको व्यापार व्यवसाय सञ्चालन गर्न प्रयोग हुन सक्छ । यस अर्थमा प्रधानमन्त्रीले आफ्नो कूटनीतिक र राजनीतिक माध्यमद्वारा समस्याको समाधानका लागि खरो उत्रिनुपर्दछ ।

विवादित क्षेत्र रहेको चुच्चे नक्सा नेपालमा धेरै लामो समयदेखि प्रयोगमा थियो । सुगौलीको सन्धिले यसलाई थप महत्त्व दिएकै छ । नेपालको भएको प्रमाणित गरेकै छ । यस अवस्थामा यो चुचे नक्सा कुन मितिबाट नेपालको राजनीतिक नक्साबाट मेटिएको हो ? यो स्पष्ट हुन नेपाली नागरिकहरू चाहन्छन् । छापामा सम्प्रेषित समाचारहरू श्रवण गर्दा २०३२ सालसम्म नेपालको नक्सा भारतले बनाइदिन्थ्यो । ३२ सालमा नेपालीहरुले आफ्नो नक्सा तयार पार्दा यो क्षेत्र हटाएर नेपालको नक्सा कायम गरिएको हो भन्ने छ ।

यसको पछाडि सत्यता के हो ? सरकारले यसको स्पष्ट पार्नु जरुरी हुन्छ । किनकि स्तम्भकारले विद्यालय स्तरमा भूगोल विषय लिई अध्ययन गर्दा यो क्षेत्रको बारेमा शिक्षकले व्याख्या गरेको धमिलो सम्झना अध्यावधिक छ । यस्ता यथार्थका बारेमा नेपाली नागरिकहरुलाई स्पष्ट पार्नु सरकारको कर्तव्य हुन्छ ।

२०४६ सालको सफल जनआन्दोलन पश्चात् बनेका विभिन्न कालखण्डका सरकारहरूले यस विषयमा के कति ध्यान पुऱ्याएका रहेछन् ? के कस्ता प्रगतिहरु सरकारको तर्फबाट कुन-कुन कालखण्डमा भएका रहेछन् ? यसको विस्तृत विवरणसहितको स्वेतपत्र सरकारले जारी गरोस् । यसबाट जनताप्रतिको दायित्वबोध सरकारले गरेको देखिन्छ । २०७२ सालको संविधानमा यो क्षेत्र किन नेपालको नक्सामा समावेश गरिएन ?

यो नेपालको क्षेत्र नभएको हिसाबमा निष्कर्षमा सरकार पुगेको हो वा छिमेकी देश रुष्ट हुन्छ भन्ने अर्थमा यसलाई समेट्न नखोजिएको हो ? यो क्षेत्र नेपालकै रहेको सरकार र संसद्बाट निर्णय लिई चुचे नक्सा जारी भइसकेको छ । वर्तमान संविधानमा राजनीतिक नक्सा तयार पारी यो क्षेत्र समेट्न सरकारले जाँगर किन देखाएन ? त्यस बखतको संविधानसभा र सरकारमा रहनेहरूले यसको तथ्यसहितको जवाफदेहिता नागरिकसमक्ष निर्वाह गर्नु जरुरी हुन्छ ।

यति धेरै नेपाली भूभाग अतिक्रमण हुँदा दुई देशहरूका बीचको सीमासम्बन्धी प्राविधिक समितिमा कालापानी र सुस्ता क्षेत्रबाहेक अन्य सबै विवादहरुलाई समाधान गर्न प्राविधिक समिति सर्वसम्मत भएको सूचना सम्प्रेषित भइराखेको छ । यसलाई सत्य मान्दा नेपालका सरकारहरूले देशको भूभागको संरक्षण गर्न कडाइका साथ कूटनीतिक र राजनीतिक स्तरबाट आफ्ना अडानहरू राख्न नसकेकै स्पष्ट हुन्छ । यदि यो सामर्थ्य र उत्साह सरकारमा रहनेहरुमा भएको भए सरकारका प्रतिनिधिहरु बसेर विवाद नरहेको क्षेत्रमा आ-आफ्ना भूभागहरू छुट्टिसकेको अवस्था हुन्थ्यो । समस्या समाधानमा प्रायः ८० प्रतिशत हामी सफल भइसक्ने थियौं ।

यसैले सरकारहरू गैरजिम्मेवार भएको चर्चा सचेत वर्गमा भइराखेको छ । नेपालले लोकतन्त्र प्राप्त भएपश्चात् जिम्मेवार सरकार पाएको भए २२ किलोमिटर लामो सडक १३ महिना लगाएर सम्पन्न गरेको थाहा नपाउने हुनै सक्दैन । थाहा पाएको भए यसको विरोध तत्काल किन गरिएन ?

भारतीय रक्षामन्त्रीले पिथौरागढदेखि लिपुलेकसम्मको बाटो उद्घाटन गरेपश्चात् पनि नेपालको सरकारले थाहा पाएन । सञ्चार माध्यमहरूले दबाब दिएपश्चात् नेपाल सरकारले औपचारिकता पूरा गरेको हो । यो अवस्था किन सिर्जना भएको हो ? हाम्रो क्षेत्रमा एक वर्षभन्दा ज्यादा समय लगाएर विदेशीहरुले निश्चिन्त भएर बाटो बनाइरहेको जस्तो संवेदनशील विषयमा हामी किन गम्भीर बन्न सकेनौं, बन्न चाहेनौं । यसको स्पष्टीकरण नेपाली नागरिकहरु सरकारसँग चाहन्छन् ।

२००५ सालमा चिनियाँ राजदूतले नेपाललाई पठाएको पत्रमा 'यो क्षेत्र नेपालको भएको र नेपालको सार्वभौमसत्ताको सम्मान सधैँ चीनले गर्दछ' भन्ने स्पष्ट व्यहोराको पत्र पठाएको जानकारी हुन आएको छ । यसपश्चात् पनि जब चीन र भारतका बीच लिपुलेकबाट व्यापार व्यवसाय गर्ने समझदारी प्रथमपटक बनेको थियो ।

त्यही समय नेपालमा जनस्तरबाट भएको विरोधका सन्दर्भमा छिमेकी देश चीनले 'नेपालले आफ्नो प्रमाण प्रस्तुत गरोस्, हामी भारतसँग उक्त नाकाबाट व्यापार गर्ने समझदारी खारेज गर्न तत्पर छौं' भन्ने औपचारिकरुपमा पत्रसहित परराष्ट्र मन्त्रालयका जिम्मेवार पदाधिकारीसँग व्यक्त गरी आएको भन्ने छ । यो हो वा होइन ? यो पत्रको व्यहोरा के छ ? यो सबै सार्वजनिक हुनु आवश्यक छ ।

हालका दिनमा एउटा सकारात्मक पक्ष राजनीतिक दलहरूका बीचमा देखिएको छ । सबै राजनीतिक दलहरू खुलेर वा औपचारिकता पूरा गर्ने हिसाबले नै भए पनि यस कदमको विरोधमा एकै ठाउँ उभिएका छन् । यसमा साझा धारणा बनाउनका लागि सरकारमा रहने दलले सर्वदलीय बैठक बोलाई सर्वसम्मतबाट निर्णय लिनु जरुरी छ । यसै विषयलाई लिएर प्रधानमन्त्रीले चीन र भारतको निमन्त्रणामा भ्रमण गर्न जाने वा नजाने, जाँदाखेरि के कस्ता कुराहरु उठाउने ? भन्ने सन्दर्भमा सार्वभौम संसद्बाट स्पष्ट कायदिश लिनु जरुरी थियो ।

यस मामिलालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ । अन्तर्राष्ट्रिय अदालतमा मुद्दा लिएर जानुपर्छ भन्ने भनाइ र धारणाहरू बेलाबखत विद्वत् समुदायमा छचल्किने गरेको छ । यथार्थमा हामी अन्तर्राष्ट्रिय अदालतमा यो मामिला लिएर जान सक्छौं या सक्दैनौं ? हामी र भारत दुवै देश सीमासम्बन्धी विषयका सन्दर्भमा अन्तर्राष्ट्रिय अदालको पक्षराष्ट्रको रुपमा दर्ज भएका छौं या छैनौं, छैनौं भने सरकारको धारणा स्पष्ट हुनु जरुरी छ ।

पक्षराष्ट्र बनेर अन्तर्राष्ट्रिय जगतमा हामी यो मुद्दालाई उछालेर अघि बढ्ने हो वा यो समस्यालाई यथावत् छाडिदिने हो ? यसबारेमा सरकार र संसद् तथा राजनीतिक दलहरू स्पष्ट हुनु जरुरी छ ।त्यस क्षेत्रका जनता नेपालको राष्ट्रिय जनगणनामा कुन समयसम्ममा कायम रहेका छन् ? त्यस क्षेत्रमा रहेको नेपालको सीमा प्रशासन कार्यालय र सीमा प्रहरी चौकी कुन मितिदेखि हटाइएको र यो किन हटाइएको हो ? पुनर्स्थापना किन नगरिएको हो ?

पछिल्लोपटक कुनचाहिँ निर्वाचनमा उनीहरूले मतदान गरेका थिए ? उनीहरूसँग भएको जग्गाको लालपुर्जा कुन देशको छ ? अथवा कुन समयसम्म नेपालको जग्गाधनी प्रमाणपुर्जा उनीहरुले लिइराखेका छन् ? स्थानीय तह र प्रदेश एवं संघीय सरकारले त्यस क्षेत्रमा के कस्ता विकास कार्यक्रमहरु प्रतिवर्ष सञ्चालन गरी आएको छ ? निरन्तरता नपाएको भए किन त्यस्तो भएको हो ? त्यहाँका बासिन्दाहरू नेपालको मातहतमा नरही भारतकै नागरिक बन्न चाहेको भन्ने चर्चाहरू भइराखेको छ । यसमा सत्यता कति छ ? भारतीयहरूले उनीहरूलाई भारतको नागरिक बन्न अभिप्रेरित गरिराखेको भन्ने समाचारमा कति सत्यता छ ?

हामीले यस्ता प्रकारका प्रयासहरु के कति गरेका छौं ? यसको विस्तृत विवरण सरकारसँग हुनै पर्दछ । यी सबै सूचनाहरू अद्यावधिक गरी सार्वजनिक गर्न सरकार तयार छ या छैन ? भारतले कालापानी विन्दुबाट निक्लिएको एक झरना वा तिरतिरे धाराबाट बनेको पानीढलोलाई महाकाली नदीको मुहान मानेको छ । यसैलाई सत्य मानिदिँदा पनि लिपुलेक उक्त मुहानभन्दा पूर्वतर्फ पर्दछ । मुहानदेखि पूर्वतर्फको भाग नेपालको भएकोमा दुवै देशहरूका बीच मुख मिलेको छ । यदि यसो हो भने लिपुलेक नेपालकै रहेछ । लिपुलेकबाट व्यापार गर्ने सन्दर्भमा त्रिपक्षीय वार्ता दुई छिमेकी देशहरुले किन आवश्यक देखेनन् ? यसका बारेमा हामीले कहिल्यै प्रश्न उठाएका छौं ? स्पष्ट हुन जरुरी छ ।

**निष्कर्ष** :

भारतले यो क्षेत्र छाड्ने अवस्था देखिँदैन । यो स्थितिमा नेपालले केही रणनीतिहरु अवलम्बन गर्नुपर्दछ । पहिला भारतसँग नै वार्ता प्रारम्भ गर्नुपर्छ । स्वतन्त्र राष्ट्रको सार्वभौम अस्तित्वलाई नै अस्वीकार गर्छु भनेर भारतले भन्न सक्दैन । वार्तामा बस्न शान्तिकामी राष्ट्रले अस्वीकार गर्न मिल्दैन । वार्ताको लागि कूटनीतिक र राजनीतिक दुवै तहबाट प्रयास गर्नु जरुरी छ । यस सन्दर्भमा कूटनीतिक नियोगहरूलाई सक्रिय बनाई यो मामिला प्रत्येक मित्र राष्ट्रहरूसमक्ष पनि पुऱ्याउनुपर्दछ । हाम्रा प्रमाणहरु र तथ्यहरूको आधारमा विश्वस्त बनाउनु जरुरी छ ।

अन्तर्राष्ट्रिय अदालतको कार्यक्षेत्रभित्र नेपाल र भारतका बीचको सिमानासम्बन्धी विषयलाई समावेश गराउने प्रयास शीघ्र गर्नु जरुरी हुन्छ । किनकि नेपाल यसको पक्षराष्ट्र नभएको र भारत पक्षराष्ट्र भएको सीमासम्बन्धी विषयमा पक्षराष्ट्र नभएको सूचना सार्वजनिक भइराखेको छ । यसलाई गम्भीरतापूर्वक लिई उचित निकास निकाल्नु जरुरी छ ।

समस्याको समाधानमा अघि बढ्दा सबैभन्दा उत्तम विकल्प फेरि पनि वार्ता नै हो । भारत र बङ्गलादेशबीचको वार्ताले ४२ वर्षको अवधि लिएको थियो । भारतले बंगलादेशको ठूलो भूभाग फिर्ता गरेको थियो । यस्ता घटनाहरु विश्वका विभिन्न देशहरुमा सीमासम्बन्धी मामिलामा पाउन सकिन्छ । पाकिस्तान र भारत, चीन र भारतकै बीच सीमाको समस्या छँदै छ । सिमानाको कारण कम्बोडिया र थाइल्यान्डका बीच सम्बन्ध अत्यन्त खराब हुन पुगेको छ । ताइवान र चीनका बीच उक्त भूभागको विषयलाई लिएर चिसोपन बढेकै छ ।

स्वतन्त्र तिब्बतको नारा पनि ताजै छ । यी सबै समस्याको समाधान युद्ध हुन सक्दैन । वार्ताबाटै उपयुक्त समाधान खोज्नुपर्छ । भारत जस्तो सुमधुर सम्बन्ध भएको देशसँग हामीले शान्तिपूर्ण वार्ताबाट आफ्नो भूभाग फिर्ता गर्न विश्वस्त बनाउन सक्नुपर्छ । यसका लागि विश्व रङ्गमञ्चहरुमा समेत भद्र अभिव्यक्तिका साथ आफ्ना अडानहरु राख्नुपर्छ । हामीसँग भएका प्रमाणहरूको आधारमा यो क्षेत्र नेपालकै भएकाले लामो समय लिए पनि फिर्ता हुने निश्चित छ । बरु यो पहलकदमी गर्न नसक्ने र नचाहनेहरूलाई सरकारको जिम्मेवारीमा बस्ने अधिकार रहन्न ।

देशको स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डताको बारेमा दिल्लगी गर्ने अधिकार राजनीतिकर्मीहरूलाई हुँदैन । लामो समयदेखि यो क्षेत्रमा विवादरहित भारतलाई प्रयोग गर्न दिइनु, हाम्रा शासकीय इकाइहरू त्यहाँबाट हटाइनु, विकास निर्माणका कार्यहरु सुचारु नगर्नुजस्ता कारणहरूको विश्लेषण गर्दा सरकारले जनतालाई भूलभुलैयामा राख्ने र यो क्षेत्र सदाका लागि भारतलाई सुम्पन खोजेको आरोप विभिन्न कालखण्डका सरकारहरूमाथि लागेको छ । यसको स्पष्टता पनि सरकारमा रहनेहरूले तथ्यका आधारमा गर्नु जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सामाजिक सञ्जाल बन्दको चेपुवामा निर्यात व्यवसायीदेखि हस्तकला उद्यमीसम्म

काठमाडौं/ललितपुर
पाटनमा मकैको खोस्टालाई कलात्मक जीवन दिने लक्ष्मी नकर्मी सरकारले फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप जस्ता सामाजिक सञ्जाल बन्द गरेपछि निराश र आक्रोशित छिन् । सरकारको यो निर्णयले 'सिस्टर्स ह्यान्डिक्राफ्ट' की सञ्चालक लक्ष्मीको सिर्जनामात्र होइन, उनीमार्फत जीवन चलाइरहेका अशक्त र फरक क्षमता भएका दर्जन हाराहारी कामदारको आशामाथि निराशा थपिएको छ ।

'यो प्रतिबन्धले शत प्रतिशत असर गरेको छ,' लक्ष्मीले संचारकर्मीसँग भनिन्, 'सामान्य काम गरेर खाने मान्छेलाई त बाटो बन्द गरिदिए जस्तै भयो ।' उनको व्यवसायको मेरुदण्ड नै सामाजिक सञ्जाल हो । उनले आफ्ना कला, सिप र सिर्जना फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप लगायत सामाजिक सञ्जालबाटै प्रचार-प्रसार गरी आम्दानी गर्ने गर्थिन् । तिनै माध्यम हुँदै लक्ष्मीले मकैको खोस्टाबाट बनाएका नेपाली संस्कृति झल्काउने कलाकृति, किरिङ, म्याट र युरोपेली बजारका लागि सान्टा क्लज, एन्जेल, बुद्धजस्ता आकृति अमेरिका, जर्मनी, अस्ट्रेलिया र इटालीसम्म पुग्थे ।





इटालीमा रहेका उनका साथीहरूले कार्यशाला चलाएर नेपाली हस्तकला प्रचार गरिरहेका छन् । यी सबै व्यापारिक सम्बन्ध र अर्डरको आधार सामाजिक सञ्जाल नै हो । 'ह्वाट्सएपले तत्काल जवाफ र प्रतिक्रिया दिने सुविधा प्रदान गर्छ, जसले अन्तर्राष्ट्रिय ग्राहकसँग सहजै सम्बन्ध कायम गर्न सकिन्छ,' उनले स्पष्ट पारिन्, 'एकदिनको बन्दमा नै मेरो व्यवसायलाई ४० प्रतिशत असर गरिसक्यो, अहिले अन्तर्राष्ट्रिय तथा स्थानीय ग्राहकसँग सम्बन्ध नै बिच्छेद भएको अवस्था छ ।'

उनका अनुसार इमेलको परम्परागत प्रणालीले त्यो गति र सहजता दिन सक्दैन । तर, अहिले यी सबै माध्यममाथि लगाइएको प्रतिबन्धले सञ्चारमाध्यम टुटेको छ, जसले गर्दा नयाँ अर्डर लिन र पुराना अर्डरमा संवाद गर्न समेत कठिनाइ भएको उनको गुनासो छ । उनले हिजै रातिदेखि ह्वाट्सएप र इन्स्टाग्रामले काम गर्न छाडेपछि आएका अर्डर र ग्राहकसँग राम्ररी संवाद गर्न सकेकी छैनन् । उनले एकदिनमै हजारौं रुपैयाँ आम्दानी गुमाउनु परेको भन्दै आक्रोश पोखिन् । लक्ष्मीको व्यवसाय केवल नाफामुखी छैन, यो त सामाजिक उत्तरदायित्वको एक उदाहरण पनि हो । उनले यस व्यवसायबाट भएको आम्दानीले ८ देखि १२ जना अशक्त र फरक क्षमता भएका दिदीबहिनीलाई रोजगारी दिँदै आएकी छिन् ।

'मैले कुनै संस्था खोलेको होइन, यो त मेरो व्यक्तिगत प्रयास हो,' उनले भनिन्, 'तर, अहिले सरकारले गरिखाने बाटो नै बन्द गरिदिएपछि सिपमा आधारित साना व्यवसायको भविष्यमाथि नै प्रश्नचिह्न खडा गरेको छ ।' लक्ष्मीले सरकारको यो कदमले के हासिल गर्न खोजेको हो भन्नेमा अस्पष्टता व्यक्त गरिन् । 'दुरुपयोग नियन्त्रण गर्ने बहानामा व्यावसायिक सञ्चारलाई नै ठप्प पार्दा त्यसको दूरगामी असर कसले भोग्ने ?,' उनले भनिन्, 'सरकारले सामाजिक सञ्जाल बन्द गर्नुभन्दा यसलाई नियमन गर्नुपर्छ वा वैकल्पिक माध्यम उपलब्ध गराउनुपर्छ ।' आफ्नो सिप र क्षमताले बाँच्न खोज्ने उद्यमीलाई यसरी निरुत्साहित गर्दा देशको समग्र अर्थतन्त्र र लाखौं मानिसको जीविकोपार्जनमाथि गम्भीर संकट आउने उनको चिन्ता छ ।

### "फोटो पठाउन मिल्दैन, फोनबाट कसरी बुझाउने ?"

काठमाडौं बौद्धमा स्टार्टअप व्यवसाय गर्दै आएकी रेवती गुरुङलाई पनि सामाजिक सञ्जाल बन्द हुँदा समस्या परेको छ । 'कोक्रोमा' की सञ्चालक गुरुङले विशेषगरी बच्चाहरूको लुगा बेच्छिन् । यतिबेला उनलाई कपडा अर्डर गरेका ग्राहकसँग संवाद गर्नै सकस परिरहेको छ । फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप जस्ता सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धपछि उनले फोनमा ग्राहकलाई बुझाउन नसकेको बताइन् । 'अहिले त ग्राहकलाई सामानबारे बुझाउनै गाह्रो भयो,' गुरुङले भनिन्, 'बिहानैदेखि फोन आइरहेको छ, तर फोटो पठाउन मिल्दैन, फोनबाट कसरी बुझाउने ?'

गुरुङका लागि सामाजिक सञ्जाल, विशेषगरी इन्स्टाग्राम र ह्वाट्सएप स्थानीय ग्राहकसम्म पुग्ने र उनीहरूसँग सिधा संवाद गर्ने मुख्य माध्यम हुन् । 'अन्तर्राष्ट्रिय अर्डरहरू त वेबसाइटबाट आउँछन्, त्यो चलिरहेको छ, तर नेपालमा आउने अर्डर चाहिँ इन्स्टाग्रामबाट आउँछन् र ती हाम्रा स्थानीय मान्छेका अर्डर हुन्,' उनले भनिन्, 'अहिले यी दुवै माध्यम बन्द हुँदा दैनिक व्यवसायमा ठूलो असर परेको छ । कम्युनिकेसन नै बन्द भइसक्यो ।' ग्राहकले उत्पादनको फोटो माग्दा वा डिजाइनबारे बुझ्न खोज्दा फोटो पठाउन नसक्ने र फोनमा सबै कुरा बुझाउन पनि कठिन हुने समस्याले उनलाई पिरोलेको छ ।

उनका अनुसार यसअघि ग्राहकले चाहिएको सामानको स्क्रिनसट पठाएर वा आफूले कोड नम्बर सहित फोटो पठाएर सहजै अर्डर लिने गरिन्थ्यो, जुन अहिले सम्भव छैन । 'फोटो र भिडियो चाहिँ ह्वाट्सएपबाटै पठाउनुहुन्थ्यो, अहिले चाहिँ पठाउन मिलेन,' उनले भनिन् । सरकारी नियमनको पालना गरी यी प्ल्याटफर्मलाई पुन: सञ्चालनमा ल्याउनु नै उत्तम विकल्प भएको उनको भनाइ छ । तत्काल यो समस्या समाधान नभए लक्ष्मी र रेवतीजस्ता हजारौं व्यवसायीका साना र सिर्जनात्मक व्यवसायलाई स्थानीय र अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहुँच कायम राख्न थप कठिनाइ हुने निश्चित छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा दर्ता सूचीकरण नभएका फेसबुकसहितका सामाजिक सञ्जाल बिहीबारदेखि बन्द गरेको छ । फेसबुक, म्यासेन्जर, इन्स्टाग्राम, युट्युब, ह्वाट्सएप, एक्स, लिंक्ड इन, स्न्याप च्याट, रेडिट, थ्रेड, वीच्याट लगायत २६ सामाजिक सञ्जाल बन्द गरेको छ । अहिले सामाजिक सञ्जाल व्यवसायको बलियो आधार बनिसकेको हुँदा यी प्ल्याटफर्म बन्द हुँदा मुलुकको अनौपचारिक अर्थतन्त्र प्रभावित बन्ने र रोजीरोटी नै खोसिने साना व्यवसायीहरूको चिन्ता छ । अहिले तथ्यांकमै भन्न नसकिए पनि उपभोक्तादेखि विक्रेतासम्म सामाजिक सञ्जालमा निर्भर छन् ।

### निर्यातमा गम्भीर असर : हस्तकला महासंघ

नेपाल हस्तकला महासंघका अनुसार नेपालबाट ढाका कपडा, भाङबाट बनेका कपडा, फेल्ट, धूप, धातुजन्य, चित्रकला, कागज, ढुंगाबाट बनेका कलाकृति, रेसाजन्य सामग्री, चाँदी, गरगहना, काष्ठकला, ऊन, अल्लो, बाँसजन्य वस्तु लगायत सामग्री विदेश निर्यात हुँदै आएको छरु । नेपालमा उत्पादित हस्तकला छिमेकी भारत, चीन लगायत अमेरिका, जापान, जर्मनी, डेनमार्क, नेदरल्यान्ड, बेलायत, अस्ट्रेलिया, सिंगापुर जस्ता देशमा निर्यात हुने गरेको छ ।

राष्ट्रिय हस्तकला महासंघ वरिष्ठ उपाध्यक्ष राजमान बज्राचार्य सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धले हस्तकला उद्योगमा ठूलो असर पर्ने भन्दै चिन्ता व्यक्त गर्छन् । उनले हाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र वीच्याट जस्ता प्ल्याटफर्म बन्द हुँदा व्यापार-व्यवसायमा गम्भीर असर पर्ने बताए । बज्राचार्यका अनुसार हस्तकला व्यवसायका लागि ह्वाट्सएप फेसबुकभन्दा बढी महत्त्वपूर्ण छ । र, यसको निरन्तर सञ्चालन हुनुपर्ने उनको माग छ ।

उनले यी माध्यम छिट्टै खुल्ने आशा व्यक्त गरे । 'तत्काल असर नदेखिए पनि लामो समयसम्म प्रतिबन्ध जारी रहे यसले व्यावसायिक क्षेत्रमा नकारात्मक प्रभाव पार्ने निश्चित छ,' उनले भने, 'वर्तमान समयमा सबै क्षेत्र डिजिटल भइसकेको हुँदा यसबाट टाढा रहन सकिँदैन र सबै व्यवसायी डिजिटलमैत्री भइसकेकाले यी प्ल्यटफर्म अभावले जीवनयापनमा समेत असर पुग्छ ।'

### समस्यामा अर्थतन्त्र र साना व्यवसाय

सरकारले सामाजिक सञ्जाल प्ल्याटफर्ममाथि लगाएको प्रतिबन्धले समग्र अर्थतन्त्र, विशेषगरी साना तथा मझौला व्यवसायमा प्रत्यक्ष नकारात्मक प्रभाव पार्ने तयारी पोसाक संघ अध्यक्ष पशुपतिदेव पाण्डे बताउँछन् । उनले यी प्ल्याटटफर्मलाई नियमन गरी यथाशीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिए । अध्यक्ष पाण्डेका अनुसार सरकारले सामाजिक सञ्जाल दुरुपयोग नियन्त्रण गर्ने उद्देश्यले प्रतिबन्ध लगाएको भए पनि यसले आर्थिक चक्रमा समेत असर पारेको छ । उनले फेसबुक, ह्वाट्सएप र भाइबरजस्ता सञ्चारमाध्यम अहिले जनताको नैसर्गिक अधिकार जस्तै बनिसकेको उल्लेख गर्दै यसलाई कानुनसम्मत दर्ता तथा नियमन गरेर चलाउनुपर्ने आवश्यकतामा जोड दिए ।

### अर्थतन्त्रमा बहुआयामिक प्रभाव

'आजको जमानामा डिजिटल दुनियाँबाट टाढा बस्न सकिँदैन, धेरैजसो व्यवसाय विशेषगरी साना व्यवसायी फेसबुक र ह्वाट्सएप जस्ता माध्यमबाटै आफ्नो उत्पादन प्रचार-प्रसार, बिक्री-वितरण तथा नयाँ आविष्कार प्रस्तुत गरिरहेका छन्,' उनले भने, 'नयाँ सोच भएका युवाले समेत टिकटक र फेसबुक जस्ता प्ल्याटफर्मबाटै आफ्नो सिर्जना देखाएर आयआर्जन गरिरहेका छन् ।'

बिहान-बेलुकाको फुर्सदका समयमा पनि यी माध्यमबाट काम गरेर धेरैले जीविकोपार्जन गरिरहेका कारण प्रतिबन्धले उनीहरूको रोजगारी र आम्दानीमा गम्भीर असर पार्ने पाण्डेको भनाइ छ । दीर्घकालसम्म यो प्रतिबन्ध जारी रहे यसले देशको अर्थतन्त्रमा ठूलो प्रभाव पार्ने र पैसाको सर्कुलेसन समेत घट्ने उनको चिन्ता छ ।

### तयारी पोसाक उद्योगको निर्यात र अमेरिकी बजारको अवसर

तयारी पोसाक उद्योग संघले गत आर्थिक वर्ष करिब १० अर्ब रुपैयाँ बराबरको निर्यात गरेको जानकारी अध्यक्ष पाण्डेले दिए । उनले यो ठूलो परिमाणको निर्यातमा सामाजिक सञ्जालको प्रत्यक्ष प्रभाव कम भए पनि साना व्यवसायी र प्रत्यक्ष ग्राहकसँग जोडिएर गरिने व्यापारमा यसको असर पर्ने उनको भनाइ छ ।

अमेरिकी बजारमा निर्यातका सन्दर्भमा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालमा लगाइएका ट्यारिफहरू अन्य देशको तुलनामा नेपाललाई कम लगाइएको हुनाले यो नेपालका लागि ठूलो अवसर भएको पाण्डेले उल्लेख गरे । 'यदि यसलाई राम्रोसँग सदुपयोग गर्न सके ३ देखि ५ वर्षभित्र देशको व्यापार घाटा अन्त्य हुन सक्छ,' उनले भने । अमेरिकी सरकारको नीति तुलनात्मक रूपमा स्थिर रहने भएकाले यस अवसरको अधिकतम फाइदा उठाउनुपर्नेमा उनले जोड दिए ।

### निर्यात व्यवसायमा धक्का


निर्यात व्यवसायी महासंघ नेपालका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले सामाजिक सञ्जालमाथिको प्रतिबन्धले व्यावसायिक सञ्चार प्रक्रियामा ३० देखि ४० प्रतिशतसम्म तत्काल असर पारेको र लामो समयसम्म कायम रहे गम्भीर दीर्घकालीन प्रभाव पर्ने चेतावनी दिए । अध्यक्ष घिमिरेले व्यावसायिक सञ्चारका लागि ह्वाट्सएपको अत्यधिक प्रयोग हुने गरेको र यसको माध्यमबाट तत्काल जवाफ प्राप्त हुने गरेको बताए । 'इमेल भनेको अफिस समयमा मात्रै हेर्ने चलन हुन्छ, तर ह्वाट्सएपले तत्काल जवाफ र प्रतिक्रिया दिने सुविधा प्रदान गर्छ, जुन अहिले पूर्णरूपमा अवरुद्ध छ,' उनले भने । यसले गर्दा विशेषगरी अन्तर्राष्ट्रिय बजारमा सम्पर्क स्थापित गर्न कठिनाइ भएको र व्यावसायिक कार्यतालिकामा ढिलाइ भएको उनको भनाइ छ ।


महासंघ अन्तर्गत २८ वटा वस्तुगत संघ र करिब ४ हजार साना तथा मझौला उद्यम आबद्ध छन् । यी व्यवसायले आफ्ना उत्पादन, जस्तै हस्तकला, कार्पेट, कृषि उत्पादन तथा अन्य उच्च मूल्यका नेपाली मौलिक उत्पादन प्रचार-प्रसारका लागि सामाजिक सञ्जालको व्यापक प्रयोग गर्दै आएका छन् । फेसबुकले ब्रान्ड प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेको स्वीकार गर्दै घिमिरेले यसको प्रतिबन्धले नयाँ बजारमा प्रवेश गर्न र ग्राहकसँग सिधा सम्पर्क स्थापित गर्न असहज भएको उल्लेख गरे ।

यद्यपि, अन्तर्राष्ट्रिय निर्यात गर्ने ठूला कम्पनीका लागि भने मुख्य विज्ञापन र ब्रान्डिङ वेबसाइट तथा अन्य अनलाइन पोर्टलहरूबाट हुने भएकाले फेसबुक बन्दले ठूलो विज्ञापनमा प्रत्यक्ष असर नपर्ने उनको भनाइ छ । अध्यक्ष घिमिरेले सरकारलाई यस समस्याको तत्काल समाधान खोज्न आग्रह गरे । व्यावसायिक सञ्चारलाई सहज बनाउन र अर्थतन्त्रमा नकारात्मक असर पर्नबाट रोक्न सामाजिक सञ्जाल प्ल्याटफर्मलाई चाँडोभन्दा चाँडो नियमन गरी सञ्चालनमा ल्याउनुपर्ने उनको माग छ ।

*(स्रोत: अनलाइनखबर)*

# एउटै नाममा बनेका दुई फिल्म: पिताको फ्लप, छोराको सुपरहिट




काठमाडौं/बलिउडमा एउटै नाममा थुप्रै फिल्म बनेका छन् । तर, एउटै परिवारका दुई पुस्ताले एउटै शीर्षकमा फिल्म बनाएको उदाहरण भने दुर्लभ छ । त्यस्तो दुर्लभ उदाहरण हुन्, यश जोहर र उनका छोरा करण जोहर । उनीहरुले २२ वर्षको अन्तरालमा 'अग्निपथ' नाममा दुई फिल्म बनाएका थिए । तर, नाम एउटै भए पनि यी दुई फिल्मको किस्मत र बक्स अफिस नतिजा विल्कुलै अलग रह्यो ।

यशले सन् १९९० मा 'अग्निपथ' बनाएका थिए । मुकुल आनन्दको निर्देशनमा बनेको यो फिलममा त्यसबेलाका चर्चित कलाकारहरु अमिताभ बच्चन, मिथुन चक्रवर्ती र डेनी डेन्जोङ्पाको अभिनय थियो । यसका बाबजुद पनि फिल्म सफल हुन सकेन । ४ करोडमा बनेको फिल्मले भारतमा ६ करोड मात्र कमाइ गर्‍यो । यद्यपि, यो फिल्म त्यस वर्षको चौथो सर्वाधिक कमाउने फिल्म बनेको थियो ।

'अग्निपथ' फ्लप भएपछि पिता निकै निराश भएको कुरा करणले आफ्नो आत्मकथा 'एन अनसूटेबल ब्वाय'मा उल्लेख गरेका छन् । उनले भनेका छन्, 'जब 'अग्निपथ' बन्दै थियो, तब पितासहित सम्पूर्ण टिमलाई विश्वास थियो कि यो एउटा ऐतिहासिक फिल्म हुनेछ । प्रिमियरमा सबैले फिल्मको तारिफ पनि गरेका थिए । तर, जब फिल्म हलमा लाग्यो, तब बक्स अफिसमा नराम्रोसँग फ्लप भयो ।'

'अग्निपथ'का कारण बलिउडमा यशको छवि 'असफल निर्माता'को रुपमा बनेको थियो । यो कुराको पीडा उनलाई जीवनभर रह्यो । पिताको पीडा करणले पनि महसुस गरेका थिए । यसैले २२ वर्षपछि अर्थात् सन् २०१२ मा उनले बुबाको अधुरो सपना पूरा गर्न 'अग्निपथ'कै रिमेक बनाए, आधुनिक शैलीमा । करण मल्होत्राको निर्देशनमा बनेको यो फिल्म भने बक्स अफिसमा सुपरहिट भयो ।

करणले बनाएको 'अग्निपथ' भारु ५८ करोडमा निर्माण भएको थियो, जसले भारतमा मात्र १२० करोड नेट कमाइ गर्‍यो । विश्वव्यापी कमाइ भने १९३ करोड पुगेको थियो । फिल्मको सफलतापछि करणले एक अन्तर्वार्तामा भनेका थिए, 'मेरो लागि यो फिल्म बनाउनु पिताका लागि न्याय गर्नु थियो । १९९० मा जुन फिल्म फ्लप भयो, मैले त्यसलाई नै सफल बनाएर उहाँलाई श्रद्धाञ्जलि दिन चाहन्थैं ।'

# हतारहतार टिकटकतर्फ मोडिए सेलिब्रेटी

काठमाडौं/सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि यसको प्रभाव सांगीतिक र फिल्म वृत्तमा देखिन थालेको छ ।

मेटाका प्लाटफर्म फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएपमा सक्रिय हुने कलाकार टिकटक र भाइबरतिर सोझिएका छन् । कतिपय कलाकारले टिकटक खाता खोलेर पछ्याउन आग्रह गरिरहेका छन् ।

मेटाका ती प्लाटफर्म अहिले बन्द छन् भने टिकटक र भाइबर संचालनमा छन् । केही दिनअघि अमेरिका टूरबाट स्वदेश फर्किएका प्रदीपले शुक्रबार टिकटकमा खाता खोलेर डेब्यू गरेका छन् ।

'मलाई आधारिकरुपमा यहाँ खोज्नुहोस साथीहरू' प्रदीपले टिकटक खाताको क्यूआर कोड फेसबुकमा सेयर गर्दै लेखेका छन् । उनले यो आग्रह गरेको केही घण्टामै उनलाई फलो गर्नेको संख्या ३३५ नाघेको छ ।





अभिनेता केदारप्रसाद घिमिरे 'माग्ने बुढाले पनि आफूलाई टिकटकमा पछ्याउन फेसबुकमार्फत आग्रह गरेका छन् । 'यदि फेसबुक बन्द भैहाल्यो भने यो मेरो टिकटक हो है हजुर' लेख्दै उनले टिकटक खाताको लिंक सेयर गरेका छन् ।

यीबाहेक अधिकांश कलाकारले पछिल्लो २४ घण्टामा भाइबर ज्वाइन गरेका छन् । सेलिब्रेटीले भाइबर एप डाउनलोड गरिरहेका छन् । यसको नोटिफिकेसन सेभ भएका नम्बरमा आउने गरेको छ । सरकारले विहिबार २५ वटा सामाजिक संजाललाई निष्क्रिय तुल्याउने घोषणा गरेको थियो । सोसल मिडियामा रोक लगाएपछि फिल्म र संगीत वृत्तमा धक्का लागेको छ ।

# सामाजिक सञ्जाल प्रतिबन्धको असर : गीत रिलिज धमाधम रोक्दै कलाकार

काठमाडौं/सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि यसको असर सांगीतिक र फिल्म वृत्तमा देखिन थालेको छ ।

प्रतिबन्धको असरका बाछिटा क्रमश: देखिन थालेका छन् । दशैंमा प्रदर्शन तयारीमा रहेको फिल्म 'बलिदान' ले 'आमा' शीर्षकको गीतको रिलिज स्थगित गरेको छ ।






निर्देशक सन्तोष सेनले सामाजिक सञ्जाल प्रतिबन्ध भएको कारण गीत रिलिज रोक्नुपरेको बताएका छन् । प्रतिबन्ध हटेपछि मात्र गीत सार्वजनिक गर्ने उनको भनाइ छ । चर्चित गायिका तृष्णा गुरुङ शुक्रबार नयाँ गीत 'लै बरी' सार्वजनिक गर्ने तयारीमा थिइन् । गीतको रिलिज स्थगित भएको र नयाँ मिति चाँडै सार्वजनिक हुने जनाइएको छ ।

'अप्रत्याशित परिस्थितीको कारण गीत सार्वजनिक योजना तत्काललाई पर सारिएको छ,' तृष्णाले सामाजिक सञ्जालमार्फत जनाएकी छन् । यसबाहेक केही कलाकार र फिल्मले तत्काल गीत र प्रवर्धन सामग्री सार्वजनिक गर्ने योजना रोकेको खबर छ । यसबाहेक सांगीतिक क्षेत्रका कलाकारले सामाजिक सञ्जालमा रोक लगाउने सरकारको निर्णयप्रति आपत्ति जनाएका छन् ।

सरकारले फेसबुक र युट्युबसहितका सामाजिक सञ्जालमा रोक लगाउने निर्णय गरिसकेको छ । नेपाली संगीत रिलिज र प्रवर्द्धन दुई प्रमुख प्ल्याटफर्म नै बन्द हुने भएपछि यसले संगीत र फिल्म क्षेत्रलाई ठूलै धक्का लाग्ने देखिएको छ । युट्युब त संगीतको प्रमुख प्ल्याटफर्म हो । यो माध्यममा रिलिज भएपछि मात्र टिकटक र स्पोटीफाईमा गीत सार्वजनिक हुने गरेका छन् ।

## एमाले विधान महाधिवेशन:

# एमालेको केन्द्रीय कोषमा चार वर्षमा ६६ करोड आम्दानी, बचत साढे १४ करोड

काठमाडौं/नेकपा एमालेले पछिल्लो चार वर्षमा केन्द्रीय कोषमा झण्डै ६६ करोड आम्दानी गरेको छ । जसमध्ये सबैभन्दा बढी सदस्यता शुल्क र लेवीबाट करिब ३४ करोड आएको छ । ललितपुरको गोदावरीमा जारी महाधिवेशनमा शनिबार पेश भएको लेखा आयोगको प्रतिवेदनअनुसार यस अवधिमा जम्मा खर्च ५१ करोड र कुल बचत १४ करोड ५८ लाख रूपैयाँ देखाइएको छ ।

भवन निर्माण सहयोग वापत् विगतको समेत गरी १३ करोड (तुल्सीलाल प्रतिष्ठान भवन निर्माण र हालको ३ करोड २३ लाखसमेत) प्राप्त भएको लेखा आयोगको प्रतिवेदनमा उल्लेख छ ।




एमालेका अनुसार अहिले संघीय सांसदबाट पार्टीलाई मासिक १२ हजार लिने व्यवस्था छ, जसबाट करिब रू ५ करोड ४० लाख आम्दानी भएको छ । बैंक ब्याज करिब ३ करोड र बाँकी रकम प्रकाशन बिक्री तथा सहयोगबाट प्राप्त भएको उल्लेख छ । यसै अवधिमा तुल्सीलाल प्रतिष्ठानको वर्तमान भवन बनाउन ८ करोड ४६ लाख आम्दानी र खर्च भएको उल्लेख छ ।

प्रथम विधान महाधिवेशन खर्च ४ करोड ३७ लाख र दशौं महाधिवेशन खर्च ११ करोड ७ लाख भएको छ । गत स्थानीय र संसदीय निर्वाचनमा करिब ३ करोड ९४ लाख खर्च भएको छ । गत ४ वर्षमा पार्टीको सभा सम्मेलन र कार्यक्रममा भएको खर्च करिब ४ करोड २६ लाख छ ।

नियमित कार्यालय सञ्चालन खर्च १ करोड ५७ लाख छ । आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणको आधारमा प्रदेशहरूको आर्थिक अवस्थाको तुलनात्मक अध्ययन गर्दा बागमती प्रदेशको आम्दानी र खर्च दुवै अरूको भन्दा बढी छ । जसअनुसार आम्दानी ४ करोड भन्दा बढी र खर्च लगभग ३ करोड छ । लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशहरू घाटामा छन् भने अरू प्रदेशहरू बचतमा छन् ।

गत अधिवेशनको लागि सबैभन्दा बढी आम्दानी गर्ने प्रदेश कोशी छ, जसले करिब ३८ लाख आम्दानी गरेको छ । प्रदेश अधिवेशनमा भएको खर्च सबै प्रदेशहरूमा बढी नै देखिन्छ । सबैभन्दा बढी खर्च गण्डकी प्रदेशमा देखिन्छ जुन करिब ९१ लाख छ ।

अरू प्रदेशहरूमध्ये लुम्बिनी करिब ८३ लाख, कोशी करिब ७५ लाख, सुदूरपश्चिम करिब ६८ लाख, बागमती करिब ६७ लाख, मधेश करिब ५१ लाख, कर्णाली करिब ३२ लाख र उपत्यका विशेष करिब १३ लाख छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

परीक्षणकालमै डिडिसीले ३९९ मेट्रिकटन धुलो दुध उत्पादन गऱ्यो

# सञ्चालनको मोडालिटी नबन्दा धुलोदुध कारखाना परीक्षणमै सीमित

साझाकुरा संवाददाता

हेटौँडा, २१ भदौ/ बागमती प्रदेश सरकारले सञ्चालनको मोडालिटी बनाउन नसक्दा धुलोदुध कारखाना परीक्षणको रुपमा मात्र सीमित भएको छ ।

प्रदेश दुग्ध विकास बोर्डले सञ्चालनको कार्ययोजना तथा मोडालिटी तय गर्न नसक्दा ४७ करोडको लगानीमा स्थापना भएको कारखाना करिब डेढ वर्षयता परीक्षणकारुपमा मात्रै सञ्चालन हुँदै आएको छ । २०७७ मा निर्माण सुरुभई २०८० मंसिरबाट परीक्षण उत्पादन गरेको उद्योग कार्यविधि नबन्दा आधिकारिकरुपमा सञ्चालन हुन नसकेको हो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गतको प्रदेश दुग्ध विकास बोर्डले उद्योग सञ्चालनको कार्यविधि तयार गर्न सकेको छैन । विगत डेढ वर्षदेखि दुग्ध विकास संस्थान (डिडिसी)ले परीक्षणकारुपमा कारखाना सञ्चालन गर्दै आएको छ ।



यद्यपि, डिडिसीलाई कारखाना सञ्चालन गर्न दिने विषयमा मन्त्रालय र बोर्डले कुनै औपचारिक निर्णय गरेका छैनन् । सामान्य सहमतिका भरमा काम भइरहेको कर्मचारीहरु बताउँछन् । कारखाना सञ्चालनका लागि कार्यविधि निर्माणको काम अन्तिम तयारीमा पुगेको प्रदेश दुग्ध विकास बोर्ड, हेटौँडाका निर्देशक डा. रामप्रकाश श्रेष्ठको भनाइ छ । हाल कारखाना डिडिसीले परीक्षण सञ्चालन गरिरहेको भएपनि कारखानामा केही संरचना थप गरेर प्रतिस्पर्धाका आधारमा विभिन्न संघसंस्थालाई भाडामा दिने प्रदेश दुग्ध विकास बोर्डका निर्देशक डा. श्रेष्ठले बताए ।

'कारखाना सञ्चालन गर्न कसलाई दिने भन्ने विषयमा अझै टुंगो लागिसकेको छैन । प्रतिस्पर्धात्मक आधारमा कारखाना भाडामा दिने हाम्रो तयारी हो,' उनले भने, 'झन्डै आधा अर्ब लगानीमा बनेको यो कारखानाको सञ्चालन कार्यविधि नबन्दा सबैतिर आलोचना भएको छ । कारखाना चलाउन चाहने संस्थालाई लिजमा दिनका लागि गतवर्ष अध्ययन भइसकेको छ, अब ढिला हुँदैन । कार्यविधि अन्तिमचरणमा पुगेको छ ।' अब केही समयभित्रै धुलोदूध उद्योग पूर्णरुपमा सञ्चालन गर्नेगरी मन्त्रालयले गृहकार्य गरिरहेको कृषि तथा पशुपंक्षी विकास मन्त्री मधुसुदन पौडेलको दाबी छ ।

'बागमती प्रदेश सरकारले लामो समय लगाएर निर्माण गरेको उद्योग परीक्षणका लागि भनेर डीडीसीलाई दिइएको रहेछ । तर, यसलाई पूर्णरुपमा सञ्चालन गर्न कार्यविधि बनाइरहेका छौँ', मन्त्री पौडेलले भने, 'यो उद्योगलाई हामी छिट्टै सञ्चालनमा ल्याउने तयारीमा छौँ । जसका लागि डीडीसीलाई नै दिने कि अन्य संस्थालाई भन्ने विषयमा छलफल चलिरहेको छ ।' तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७७ पुस १६ गते शिलान्यास गरेको कारखाना निर्माण सम्पन्न भएपछि परीक्षण उत्पादनका लागि डेढ वर्षअघि दुग्ध विकास संस्थान (डिडिसी)लाई जिम्मा दिइएको थियो ।

डेढवर्षदेखि परीक्षण उत्पादन गर्दै आएको कारखानाले परीक्षणकालमै तीन सय ९९ मेट्रिकटन धुलोदुध उत्पादन गरेको छ । डिडिसीका निमित्त आयोजना प्रमुख अञ्जन अधिकारीले हालसम्म ४४ लाख लिटर दुध प्रशोधन गरी तीन सय ९९ मेट्रिकटन धुलोदुध र दुई सय मेट्रिकटन बटर उत्पादन गरेको जानकारी दिए । 'हालसम्म ११ लाख लिटर दुध सहकारी तथा निजी संस्थाबाट संकलन गरिएको छ भने ३३ लाख लिटर दुध संस्थानकै संकलनबाट प्रशोधन गरिएको हो । उत्पादन सफल भएको छ, प्राविधिकरुपमा कुनै ठुलो समस्या देखिएको छैन,' उनले भने । आयोजनाप्रमुख अधिकारीका अनुसार परीक्षणकालमै कारखाना राम्रोसँग चलेको छ तर, भण्डारण र प्याकेजिङ कक्ष, जेनेरेटरजस्ता संरचना थप्नुपर्ने आवश्यकता छ ।

यता प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष हरिप्रसाद पौडेलले धुलोदूध उद्योग जति म चल्यो, उति किसानका लागि फाइदा हो भनेर बुझ्नुपर्ने बताउँछन् । किसानले उत्पादन गरेका दूध बिक्री गर्न नपाएर सडकमा पोख्नुपर्ने अवस्था नआओस् भनेर मात्र प्रदेश सरकारले धुलोदूध उद्योग स्थापना गरेको उनको भनाइ छ । तर, किसानलाई अहिले त्यस्तो समस्या नरहेकाले धुलोदूध उद्योग चलेन भनेर चिन्ता गर्नुपर्ने विषय नभएको जिकिर उनले गरे । उपाध्यक्ष पौडेलले भने, 'किसानको दूध बजारमा जानु नै सबैभन्दा ठूलो उपलब्धि मान्नुपर्छ । दूध धेरै उत्पादन हुने समयमा दुग्ध सहकारी संस्थाहरुले किसानमार्फत् संकलन गरेको दूध बजारमा बिक्री भएन भने मात्र धुलोदूध बनाएर भण्डारण गर्ने हो । धुलोदूध उद्योग चलेन भनेर चिन्ता गर्न आवश्यक छैन ।'

निजामती सेवा दिवसको पूर्वसन्ध्यामा हेटौँडा-१६ मा वृक्षरोपण

# निजामती सेवा दिवस सम्पूर्ण राष्ट्रसेवकको साझा दिन: प्रमुखसचिव बराल



साझाकुरा संवाददाता

हेटौँडा, २१ भदौ/२२ औं निजामती सेवा दिवसको पूर्वसन्ध्यामा हेटौँडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालय परिसरमा शनिबार फलफूल तथा अलंकारिक बिरुवा रोपण गरिएको छ ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालय र वन मन्त्रालयको संयुक्त आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रमुखसचिव भुपाल बरालको प्रमुखआतिथ्यता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुखसचिव बरालले निजामती सेवालाई सबै सार्वजनिक सेवाहरुको मार्गदर्शक सेवाको संज्ञा दिए । उनले निजामती सेवा दिवस केवल निजामती कर्मचारीको मात्र नभई सम्पूर्ण राष्ट्रसेवकको साझा दिवस भएको धारणा व्यक्त गरे । संसदको दुबै सदनबाट पारित हुने क्रममा रहेको निजामती कर्मचारी विधेयकले प्रादेशिक र स्थानीय तहका सेवालाई मार्गदर्शन गर्नुपर्ने आवश्यकतामा उनले जोड दिए । ऐन आएपश्चात् निजामती क्षेत्रमा देखापर्ने सबै समस्या तत्काल समाधान नभए पनि, यसले नीतिगत पक्षलाई स्पष्ट पार्ने उनले दाबी गरे ।

त्यसैगरी कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले निजामती सेवा दिवसलाई आफूले गरेका कार्यको मूल्यांकन गर्ने अवसरको रुपमा लिनुपर्ने बताइन् । उनले समाजमा कर्मचारीप्रति नकारात्मक धारणा बन्नुमा कर्मचारीकै आचरण पनि एक कारण रहेको औंल्याइन् । उनले इमान्दारिता र जवाफदेहिताबाट मात्र सेवालाई सक्षम र प्रभावकारी बनाउन सकिने धारणा राखिन् । निजामती सेवामा जनउत्तरदायित्व, इमान्दारिता र जवाफदेहिताको आवश्यकतालाई प्रमुखता दिँदै उनले पारदर्शिता र कार्यक्षमता वृद्धि गर्न कर्मचारी स्वयं जिम्मेवार बन्नुपर्नेमा जोड दिइन् । कर्मचारीले जनताको मनमा बस्ने गरी काम गर्नुपर्ने र सेवाप्रति समर्पित भई सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा आधिकारिक ट्रेड युनियन मकवानपुरका सचिव बसन्त गौतमले प्राविधिक र प्रशासनिक क्षेत्रमा राजनीतिक हस्तक्षेप हुने गरेको गुनासो राखेका थिए । सो अवसरमा लिची, आँप, एभोकाडो लगायत विभिन्न जातका फलफूल तथा अलंकारिक बिरुवा रोपण गरिएको हो । वृक्षरोपण कार्यक्रममा प्रदेश प्रहरीप्रमुख अरुण पौडेल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता श्यामु अर्याल लगायत विभिन्न सरकारी कार्यालयका प्रमुख तथा कर्मचारीको उपस्थिति थियो ।

## विद्यार्थी तथा नेपाली भाषाशिक्षक सम्मानित

साझाकुरा संवाददाता

हेटौँडा, २१ भदौ/नेपाली भाषाशिक्षक समिति मकवानपुरले २०८१ सालको कक्षा १२ को परीक्षामा उत्कृष्ट जिपिए ल्याउने विद्यार्थी र शिक्षकलाई सम्मान गरेको छ ।

शनिबार एक औपचारिक कार्यक्रमकाबीच समितिले २०८१ सालको कक्षा १२ को परीक्षामा उत्कृष्ट जीपीए ३.६ देखि ४.० सम्म प्राप्त गर्ने विद्यार्थी तथा अध्यापन गर्ने शिक्षकलाई सम्मान गरेको हो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुखआतिथ्यता तथा नेपाली भाषा शिक्षक समिति मकवानपुरका अध्यक्ष ज्योति न्यौपानेको सभाध्यक्षतामा सम्मान कार्यक्रम भएको हो ।

सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुखअतिथि घलानले नेपाली भाषामाथि भएको अतिक्रमणको प्रतिरोध गर्न नेपाली भाषाका शिक्षकको भूमिका महत्वपूर्ण हुने बताए । कार्यक्रममा नेपाली भाषा समितिका निवर्तमान पदाधिकारी अध्यक्ष केशव सञ्जेल, उपाध्यक्ष अनिता तिमल्सिना र सहसचिव रामचन्द्र तिमल्सिनालाई आफ्नो कार्यकालमा संस्थाको विकास, शैक्षिक गतिविधि र नेपाली भाषाको उन्नयनमा पुऱ्याएको योगदान र अघिल्लो समितिको कार्यकालको उच्च मूल्यांकन गर्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाका सल्लाहकार रमेशमोहन अधिकारी, विष्णु गौतम, माधवप्रसाद खतिवडा, सोस्टा मकवानपुरका अध्यक्ष भोगेन्द्र लुइँटेल, गणित विषय समिति मकवानपुरका अध्यक्ष धनिकलाल साह, नेल्टा मकवानपुरका पूर्वअध्यक्ष गणेश हुमागाईं, ईप्लानेट मकवानपुरका सञ्चालक सुमन भारतीलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष कमल नेपालले स्वागत तथा सचिव डीबी बर्तौलाले सहजीकरण गरेका थिए ।

## भाषणकला सम्बन्धी कार्यशाला

साझाकुरा संवाददाता

हेटौँडा, २१ भदौ/एक्सेस प्यानेटले शनिबार सीमान्तकृत तथा अपाङ्गता भएका महिलालाई एकदिने भाषणकला सम्बन्धी कार्यशाला आयोजना गरेको छ ।

मकवानपुर, चितवन, काठमाडौं र धादिङका महिलालाई नेतृत्व विकास गर्ने उद्देश्यले हेटौँडामा कार्यशाला आयोजना गरिएको हो । पत्रकार रुपक कालिराजले भाषणकला भनेको के हो ? किन आवश्यक पर्छ र कसरी नेतृत्व क्षमता विकास गर्ने भन्ने विषयमा प्रशिक्षण दिएका थिए । एक्सेस प्यानेटकी कार्यक्रम अधिकृत रक्षा बडालले आगामी कार्यक्रम कसरी गर्ने भन्ने विषयमा जानकारी दिए । उनले समुह/समुहमा विभाजन गरेर महिलाको हक अधिकारका विषयमा समुदाय पैरवीसँगै सरोकारवाला निकायसँग बहस कार्यक्रम आयोजना गरिने जानकारी दिएका थिए ।

## रामेछाप बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा

साझाकुरा संवाददाता

हेटौँडा, २१ भदौ/रामेछाप नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरिएको छ । शनिबार आयोजित एक कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बालमैत्री शासनयुक्त नगर घोषणा गरेका हुन् ।

बालबालिकाको विकास, सहभागिता, संरक्षण, संस्थागत विकासका ५१ वटा सूचक पार गरिएकाले बालश्रम, बालविवाहमुक्त स्थानीय शासनयुक्त नगर घोषणा गरिएको हो । नगरमा रहेका सात हजार ८८ घर तथा ३६ हजार छ सय २१ जनसंख्या रहेका छन् । त्यसमा १७ हजार चार सय ९३ महिला र १९ हजार एक सय २८ पुरुष रहेका छन् । त्यसमध्ये १८ वर्षमुनिका १० हजार दुई सय ४१ जना बालबालिका सबै समस्याबाट मुक्त रहेकाले यस्तो घोषणा गरिएको नगरप्रमुख लवश्री न्यौपानेले जानकारी दिए ।

नगरप्रमुख न्यौपानेका अनुसार समुदायस्तरमा ८३ र विद्यायस्तरमा ३० गरी कुल ११३ तथा वडास्तरमा नौ र नगरस्तरमा एक गरी १० वटा बालसञ्जालमा गरी दुई हजार ४२ जना बालबालिका आबद्ध छन् । यस्तै, वडा तथा नगर स्तरमा गठन भएका विभिन्न समिति तथा संरचनामा १७० बालबालिकाको सार्थक सहभागिता रहेको छ । बागमती प्रदेशका बालमैत्री स्थानीय शासनयुक्त नगरमध्ये यो १२ औं स्थानमा परेको छ ।

## राप्रपा मकवानपुर (क्षेत्र नं.१) को अध्यक्षमा थापा चयन

साझाकुरा संवाददाता

हेटौँडा, २१ भदौ/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) प्रतिनिधिसभा क्षेत्र नं.१ को अध्यक्षमा उमेश थापा चयन भएका छन् ।

शनिबार हेटौँडामा सम्पन्न क्षेत्रीय अधिवेशनले थापाको नेतृत्वमा १६ सदस्यीय कार्यसमिति गठन गरेको हो । अधिवेशनले पार्टीलाई मजबुत बनाउने, संगठन विस्तार गर्ने र युवालाई नेतृत्वमा ल्याउने उद्देश्यसहित नयाँ कार्यसमिति निर्माण गरेको जनाइएको छ । कार्यसमिति सदस्यमा रामप्रसाद कोईराला, कबिन्द्र भट्टराई, मुरारी पौडेल, चमेलीमाया घिसिङ् लामा, सुदिप शाक्य, माया राना, संगिन श्रेष्ठ, विकास दुलाल, नारायण अधिकारि, भीमाकुमारी सापकोटा, विवेक बिक्रम साह, किशोर केसीखत्री, लोकनाथ चौलागाईं, सरोज गजुरेल र ईन्द्र बानियाँ चयन भएका छन । नवनिर्वाचित अध्यक्ष थापाले आफ्नो कार्यकालमा पार्टीको नीति कार्यक्रमलाई जनतासम्म पुऱ्याउने, स्थानीय मुद्दा उठाउने र क्षेत्रीयस्तरमा संगठनलाई अझ सशक्त बनाउन प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौँडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौँडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा
जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु चितवन र सिन्धुली जिल्लामा जापानिज इन्सेफलाईटिस रोगहरु देखिएको र मकवानपुर जिल्लाभित्र लामखुट्टेको टोकाइबाट हुने डेंगी, मलेरिया कालाजार जस्ता किटजन्य रोगको बिरामीहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरि रहेकोमा जापानिज इन्सेफलाईटिस लगायत अन्य किटजन्य रोगको महामारी हुनबाट बच्न र बचाउन लामखुट्टेको टोकाईबाट बच्नु नै मुख्य उपाय भएको हुदा लामखुट्टेको टोकाई बाट बच्ने सबै उपायहरु जस्तै झुल प्रयोग गरेर सुत्ने, घर बाहिर जाँदा लामो बाहुला भएको लुगा लगाउने, लामखुट्टे धपाउने मलम लगाउने, घरभित्र लामखुट्टे धपाउने धुप वा स्प्रे प्रयोग गर्ने, लामखुट्टे नियन्त्रण गर्न घर वरपर झाडी तथा फोहर हटाउने, पानी भण्डारण गर्ने भाडाहरू छोपेर राख्ने तथा जापानिज इन्सेफलाईटिस रोग विरुद्ध नेपाल सरकारबाट संचालन हुने नियमित खोप लगाउन हुन् समेत अपिल गरिन्छ। याद गर्नुहोस जापनिज इन्सेफलाईटिस रोगका सामान्य लक्षणहरु ज्वरो आउनु, टाउको दुख्नु वाकवाकी लाग्नु वा नन्ता हुनु र कमजोरी महसुस हुनु हो भने गम्भीर लक्षणहरु उच्च ज्वरो आउनु, टाउको बेस्सरी दुख्नु, शरीरमा कम्पन हुनु, अर्धचेत वा बेहोस हुनु, शारीरिक कमजोरी वा पक्षघात हुनु, कोमा मा जानु समेत हुन सक्छ त्यसैले सामान्य वा गम्भीर लक्षण देखिना साथ् नजिकैको स्वास्थ्य संस्था, पालिकाको स्वास्थ्य शाखा जनस्वास्थ्य कार्यालय, स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयमसेविका संग सम्पर्क राखौं ।

जनस्वास्थ्य कार्यालय, मकवानपुर

आत्महत्या समस्याको समाधान होइन

आत्महत्याका प्रमुख कारण:
☞ मानसिक तनाव, डिप्रेशन वा निराशा,
☞ पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
☞ बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
☞ हिनताबोध, आवेश र घुर्की देखाउनु,
☞ व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
☞ सोचे अनुसार सफलता प्राप्त नहुनु,
☞ सामाजिक बहिष्कार वा द्रव्यवहार आदि ।

रोकथामका उपाय:
☞ आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
☞ तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
☞ आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं.
☞ तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

*"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना